शुद्धोदन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति (२०८१/०७/०६)

प्रस्तुत विषयमा यस गाउँपालिकाको रोजगार सेवाकेन्द्रको लागि तपसिल बमोजिमका पदहरू करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र रितपूर्वकको आवेदन यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

| क्रसं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२/२०८१-०८२ | प्राविधिक सहायक | पाँचौ | १ |
| २ | ०३/२०८१-०८२ | रोजगार सहायक | पाँचौ | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

**क) सीपः** आधारभुत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

**ख) उमेरः** दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

ग)शैक्षिक योग्यता तथा अनुभवः

❖ प्राविधिक सहायकको लागि

- सिभिल इन्जिनियरिङमा प्रविणता तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई ग्राह्यता दिइनेछ ।

❖ रोजगार सहायकको लागि

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

७/६

विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल


२. दरखास्त दिने स्थान- शुद्धोधन गाउँपालिकाको कार्यालय, मानपकडी, रुपन्देही ।

३. दरखास्त दिने अन्तिम मिति- सूचना प्रकाशन भएको मितिले १५ (२०८१/०७/२०) दिन भित्र ।

४. आवेदनको दस्तुर- रु. ५००।– (पाँच सय मात्र ।)

५. छनौटको किसिम - प्रारम्भिक संक्षिप्त सूची प्रकाशन, लिखित र प्रयोगात्मक परीक्षा ।

६. संलग्न गर्नु पर्ने कागजातहरू - आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरूको प्रतिलिपी ।

क. नागरिकता प्रमाणपत्र, ख. न्यूनतम योग्यतको लब्धांक प्रमाणपत्र,

ग. चारित्रिक प्रमाणपत्र, घ. २ प्रति पासपोर्ट साईजको फोटो,

ङ. तालिमको प्रमाणपत्र, च. कामसँग सम्बन्धित अनुभव भए सोको कागजात ।

७. कार्यविवरण, सेवा सुविधा तथा अन्यः स्थानीय तहमा प्रविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम हुनेछ ।

८. परीक्षा मितिः- पछि तोकिने छ ।

नोटः आवेदनको ढाँचा, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np तथा यस कार्यालयको वेभसाइट https://shuddhodhanmunrupandehi.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

७/६

विष्णु बहादुर घर्ती
संयोजक (प्रमुख प्रशासकीय अधिकृत)
कर्मचारी पदपूर्ति समिति